# आकाशवाणी समाचार- नेपाली

मितिः ०७ अक्टुबर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

## मुख्य समाचार

- प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि दिल्लीमा इन्डिया मोबाइल कांग्रेसको उद्घाटन गर्नुहुनेछ।

- प्रधानमन्त्री नरेन्द्र मोदीले पश्चिम बंगालमा भाजपा कार्यकर्ताहरूमाथि आक्रमण गरिएको घटना अत्यन्तै भयावह भएको बताउनुभएको छ।

- विश्वमा बढ्दो प्रतिस्पर्धा र घट्दो एकताको बीचमा, भारतले रणनीतिक रूपमा अगाडि बढ्नुपर्ने विदेशमन्त्री एस. जयशंकरले बताउनुएको छ।

- बिहार विधानसभा चुनाव ६ र ११ नोभेम्बरमा दुई चरणमा हुनेछ। मतगणना १४ नोभेम्बरमा हुनेछ।

- महिला एकदिवसीय क्रिकेट विश्वकपमा हिजो दक्षिण अफ्रिकाले न्युजिल्याण्डलाई ६ विकेटले पराजित गऱ्यो।

## पीएम-मोबाइल कांग्रेस

प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि दिल्लीमा इन्डिया मोबाइल कांग्रेसको उद्घाटन गर्नुहुनेछ। चार दिने कार्यक्रम ११अक्टोबरसम्म यशोभूमि कन्भेन्सन सेन्टरमा चल्नेछ। कार्यक्रमको विषयवस्तु "**नवाचार से रूपांतरण**" रहेको छ ।कार्यक्रमले दूरसञ्चार र डिजिटल प्रविधिमा आत्मनिर्भरता प्रवर्द्धन गर्ने लक्ष्य राखेको छ। सम्मेलन विशेष गरी 6g, साइबर सुरक्षा, उपग्रह सञ्चार, मेकानिकल इन्टेलिजेन्स र 'इन्टरनेट अफ थिंग्स'मा केन्द्रित हुनेछ।दूरसञ्चार मन्त्री ज्योतिरादित्य सिन्धियाले सम्मेलनको तयारीको समीक्षा गर्नुभयो। दूरसञ्चार मन्त्रालयका अनुसार, कार्यक्रममा १,५०,००० भन्दा बढी मानिसहरू उपस्थित हुने अपेक्षा गरिएको छ। ७,००० भन्दा बढी अन्तर्राष्ट्रिय प्रतिनिधिहरू सहभागी हुनेछन् र ४०० भन्दा बढी प्रदर्शनीहरू स्थापना गरिनेछ।

## प्रधानमन्त्री-पश्चिम बंगालमा

प्रधानमन्त्री नरेन्द्र मोदीले पश्चिम बंगालमा बाढी र पैह्रोबाट प्रभावित मानिसहरूको सेवा गरिरहेका भाजपा कार्यकर्ताहरूमाथि आक्रमण गरिएको घटना अत्यन्तै भयावह भएको बताउनुभएको छ। सामाजिक सञ्जालमा पोस्ट गर्नुहुँदै श्री मोदीले यसले तृणमूल कांग्रेसको असंवेदनशीलता र राज्यमा कानून व्यवस्थाको अत्यन्तै दयनीय अवस्थालाई प्रतिबिम्बित गरेको उहाँले बताउनुभएको छ।प्रधानमन्त्रीले भन्नुभयो- पश्चिम बंगाल सरकार र तृणमूल कांग्रेसले यस्तो चुनौतीपूर्ण अवस्थामा हिंसाको सहारा लिनुको सट्टा मानिसहरूलाई मद्दत गर्ने कुरामा बढी ध्यान केन्द्रित गर्नुपर्थ्यो। श्री मोदीले भाजपा कार्यकर्ताहरूलाई जनतामाझ काम गरिरहन र जारी उद्धार कार्यमा सहयोग गर्न आह्वान पनि गर्नुभयो।

## उपराष्ट्रपति - राज्यसभा

उपराष्ट्रपति तथा राज्यसभाका सभापति सी.पी. राधाकृष्णनले आज पनि सबै दलका नेताहरूसँग भेट्नुहुनेछ। राज्यसभाको अध्यक्षता ग्रहण गरेपछि निर्वाचित प्रतिनिधिहरूसँग श्री राधाकृष्णनको यो पहिलो भेट हो।आजको बैठकमा आगामी शीतकालीन सत्रमा सदनमा व्यवस्था कायम राख्ने बारेमा पनि छलफल हुन सक्छ।उपराष्ट्रपतिले हिजो सदनको सुचारु सञ्चालनको लागि राज्यसभा सचिवालयको सहयोगको पनि समीक्षा गर्नुभयो।

## बिहार विधानसभा

यस वर्ष बिहार विधानसभा चुनाव ६ र ११ नोभेम्बरमा दुई चरणमा हुनेछ। मतगणना १४ नोभेम्बरमा हुनेछ। निर्वाचन आयोगले२४३ सदस्यीय बिहार विधानसभाको मतदान तालिका घोषणा गरेको छ। निर्वाचन तालिका घोषणासँगै बिहारमा आदर्श आचारसंहिता लागू भएको छ।मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारले नयाँ दिल्लीमा मिडियालाई जानकारी दिंनुहुँदै राज्यका ७ करोड ४३ लाख मतदाताका लागि ९०,७१२ भन्दा बढी मतदान केन्द्रहरू स्थापना गरिने बताउनुभयो।उहाँले पहिलो चरणको मतदानको लागि सूचना यस महिनाको १० तारिखमा जारी गरिने र उम्मेदवारहरूले १७ अक्टोबरसम्म नामांकन दर्ता गर्न सक्ने बताउनुभयो। दोस्रो चरणको मतदानको लागि सूचना यस महिनाको १३ तारिखमा जारी गरिनेछ र २० अक्टोबर २० सम्म नामांकन दर्ता गर्न सकिने बताउनुभयो।श्री कुमारले निर्वाचन प्रक्रियाको पूर्ण अनुगमन सुनिश्चित गर्न सबै मतदान केन्द्रहरूमा वेबकास्टिङ गरिनेछ भनी बताउनुभयो। मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारले सात राज्यका आठ विधानसभा सिटका लागि उपचुनावको पनि घोषणा गर्नुभयो। यी सिटहरू जम्मू कश्मीरको बडगाम र नगरोटा, राजस्थानको अन्ता, झारखण्डको घाटशिला, तेलङ्गानाको जुबली हिल्स, पञ्जाबको तरनतारन, मिजोरमको डम्पा र ओडिशाको नुआपाडा हुन्। उपचुनाव ११ नोभेम्बरमा हुनेछ र मतगणना १४ नोभेम्बरमा हुनेछ।

## पान-भारत विशेष अभियान

मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारले देशभरि गहन पुनरीक्षण अभियान सञ्चालन गर्ने निर्णय भइसकेको बताउनुभएको छ। हिजो नयाँ दिल्लीमा पत्रकारहरूसँग कुरा गर्दै उहाँले भन्नुभयो- अखिल भारतीय आधारमा प्रत्येक राज्य र केन्द्र शासित प्रदेशमा यो अभियान सञ्चालन गर्ने मितिको औपचारिक घोषणा चाँडै गरिनेछ।बिहारमा, विधानसभा चुनाव अघि, आयोगले गहन पुनरीक्षण अभियान सञ्चालन गर्‍यो जसले मतदाता सूचीबाट ६९ लाख मतदाताको नाम हटाएको थियो। यसमा अवैध प्रवासी र धेरै मतदाता परिचयपत्र भएकाहरू पनि समावेश थिए।पुनर्विचार पछि, बिहारमा वैध मतदाताको संख्या अब ७४.३ मिलियन पुगेको छ। राज्यमा ६ र ११ नोभेम्बरमा मतदान हुनेछ। मतगणना १४ नोभेम्बरमा हुनेछ।

## विदेशमन्त्री डा. एस. जयशंर

विदेशमन्त्री डा. एस. जयशंकरले विश्वमा प्रतिस्पर्धा बढ्दै गएको र एकता घट्दै गएको बताउनुभएको छ र यस्तो अस्थिरताको बीचमा भारतले रणनीति बनाउनु पर्छ र अगाडि बढ्नु पर्छ भन्नुभयो।हिजो साँझ नयाँ दिल्लीस्थित जेएनयूस्थित स्कूल अफ इन्टरनेशनल स्टडीजमा अरावली शिखर सम्मेलनको उद्घाटन सत्रलाई सम्बोधन गर्नुहुँदै डा. जयशंकरले भन्नुभयो- कुनै पनि राष्ट्रको छवि यसको विचारको शक्तिले मापन गरिन्छ|उहाँले उदीयमान विश्वव्यापी परिदृश्यका चुनौतीहरू, यसको रणनीतिक प्रभावहरू र आफ्नो राष्ट्रिय हितलाई अगाडि बढाउने भारतको दृष्टिकोणको बारेमा पनि बोल्नुभयो। भूराजनीतिक परिवर्तनलाई उजागर गर्दै डा. जयशंकरले भन्नुभयो- भारत अत्यधिक अशान्त युगमा उदय हुने निश्चित देखिन्छ।

**बाइट**

## आम आदमी पार्टी बिहार

आम आदमी पार्टीले बिहार विधानसभा चुनावको लागि एघार उम्मेदवारहरूको पहिलो सूची जारी गरेको छ। पार्टीले बेगुसराय विधानसभा क्षेत्रबाट डा. मीरा सिंह, बाँकीपुरबाट डा. पंकज कुमार, गोविन्दगञ्जबाट अशोक कुमार सिंह र फुलवारीबाट अरुण कुमार रजकलाई टिकट दिएको छ। यसबाहेक, पार्टीले बेनीपट्टी विधानसभा क्षेत्रबाट सुभदा यादव, कसबाबाट भानु भारतीय र किशनगञ्जबाट अशरफ आलमलाई टिकट दिएको छ।

## जम्मू कश्मीर उपचुनाव

चुनाव आयोग (ECI) ले जम्मू कश्मीरको २७ बडगाम र ७७ नगरोटा विधानसभा निर्वाचन क्षेत्रहरूमा उपचुनावको मिति घोषणा गरेको छ। बडगाम र नगरोटा विधानसभा निर्वाचन क्षेत्रहरूमा उपचुनाव ११ नोभेम्बरमा हुनेछ र मतगणना १४ नोभेम्बरमा हुनेछ। उपचुनावको लागि अधिसूचना १३ अक्टोबर २०२५ मा जारी गरिनेछ। नामांकन दर्ता गर्ने अन्तिम तारिख २० अक्टोबर, २०२५ हुनेछ। नामांकन दर्ताको छानबिन २२ अक्टोबरमा हुनेछ र उम्मेदवारी फिर्ता लिने अन्तिम तारिख २४ अक्टोबर रहेको छ।

**शिवराज सिंह**

कृषि अनि किसान कल्याण मंत्री शिवराज सिंह चौहानले राजस्थानको बालोतरा जिल्ला अनि नजिकका अनार उत्पादक क्षेत्रहरुमा अनाराको फसलबारे तत्काल अध्ययनको लागि आदेश दिनुभयो।यो आदेश फसलहरुमा भएको नोक्सानका कारणहरु थाहा पाउनको लागि कार्य गर्दछ। श्री चौहानले 'टिकरी' रोग सहित विभिन्न रोगहरुले फसलहरुमा भइरहेको नोक्सानको रिपोर्ट अनि शिकायतहरुको संज्ञान लिनुभयो|

**राष्ट्रीय मानवाधिकार आयोग**

राष्ट्रीय मानवाधिकार आयोग (एनएचआरसी)ले दूषित कफ सिरपको सेवनले बालबालीकाक मृत्यु भएको रिपोर्ट पाएपछी मध्य प्रदेश, राजस्थान अनि उत्तर प्रदेश सरकारलाई सूचना जारी गरेको छ। आयोगले केंद्रीय स्वास्थ्य एवं परिवार कल्याण मंत्रालय र प्रमुख नियामक निकायलाई यस मामिलाको अनुसन्धान गर्न र तत्काल निवारक उपाय निकाल्नको लागि पनि निर्देश दिएको छ।

**महिला विश्वकप**

महिला एकदिवसीय क्रिकेट विश्वकपमा हिजो दक्षिण अफ्रिकाले न्युजिल्याण्डलाई ६ विकेटले पराजित गऱ्यो। इन्दौरमा भएको खेलमा दक्षिण अफ्रिकाले २३२ रनको लक्ष्य ४१ ओभरमा मात्र पूरा गऱ्यो। शतक बनाउन सफल तजमिन ब्रिट्स प्लेयर अफ द म्याच घोषित भइन्।यसअघि न्युजिल्याण्ड ४८ औं ओभरमा २३१ रनमा अलआउट भयो।गुवाहाटीमा आज हुने प्रतियोगितामा इङ्गल्याण्डले बंगलादेशको सामना गर्नेछ। खेल दिउँसो ३ बजे सुरु हुनेछ।प्रतियोगितामा आठ टोली सहभागी छन्। श्रीलंका र पाकिस्तानमाथि जित हासिल गरेपछि भारत चार अंकसहित तालिकाको शीर्ष स्थानमा छ।

**मौसम**

मौसम विभागले पञ्जाब र हरियाणाका लागि **ओरेन्ज अलर्ट** जारी गरेको छ, जसमा आगामी ३६ घण्टासम्म निरन्तर वर्षा हुने अनुमान गरिएको छ। मौसम विभागका निदेशक सुरेन्द्र पलले भन्नुभयो- उत्तरपश्चिमी पञ्जाब र मालवाका केही भागहरूसहित पञ्जाबका आठ जिल्लाहरूमा **ओरेन्ज अलर्ट** घोषणा गरिएको छ। यी जिल्लाहरूमा पठानकोट, गुरदासपुर, जालन्धर, लुधियाना र फिरोजपुर समावेश छन्। यसबाहेक, अम्बाला, पंचकुला, कैथल, कर्नाल र हिसार लगायत उत्तरपश्चिमी हरियाणाका धेरै क्षेत्रहरूमा भारी वर्षाको चेतावनी जारी गरिएको छ। यसैबीच, हिमाचल प्रदेशको राजधानी शिमला र राज्यका धेरै भागहरूमा मौसममा अचानक परिवर्तन आएको कारण आज तापक्रममा तीव्र कमी आएको छ।

****** ० ******